नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी प्रशासन शाखा 'राजपत्रांकित')

पत्र संख्याः-क.प्र.रा.प. ०७२/७३

चलानी संख्याः ६०९

मितिः २०७३/०२/१४

विषयः सरुवा, काज र सरुवा सहमति सम्बन्धमा ।

श्री सबै मन्त्रालय, आयोग, सचिवालय, कार्यालय र केन्द्रीय निकायहरु ।

चालु आ.व. को अन्त्य हुन दुई महिनाभन्दा कम अवधि बाँकी रहेको, नेपाल सरकारको पूँजीगत खर्चको प्रतिशत न्यून रहेको अवस्थामा विकास निर्माणका कार्यहरुमा तिव्रता दिनु पर्ने भएकोले कार्यालय प्रमुख, विभागीय प्रमुख र जिम्मेवार पदाधिकारीहरु सरुवा गर्दा, एक आ.व. भित्रै बारम्बार जिम्मेवारी हेरफेर हुँदा काज खटाउँदा त्यसको सीधा प्रतिकुल असर समग्र कार्यसम्पादनमा पर्न गएको छ । तसर्थ २०७३ आषाढ मसान्तसम्म विकास निर्माण र सेवाप्रवाहसँग प्रत्यक्ष सम्बन्धित कार्यालय प्रमुख, विभागीय प्रमुख र आयोजना प्रमुख लगायतका जिम्मेवार पदाधिकारीलाई निजामती सेवा ऐन (संशोधन सहित), २०४९ र निजामती सेवा नियमावली (संशोधन सहित), २०५० बमोजिम पर्याप्त आधार, कारण र औचित्यवाहेकको अवस्थामा सरुवा गर्ने वा काज खटाउने कार्य नियन्त्रण गर्न तथा सो विषयमा यस मन्त्रालयको सहमति लिंदा समेत उल्लेखित व्यहोरा खुलाई पठाउने भनी नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट मिति २०७३/२/१२ मा निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

(ईश्वर राज पौडेल)
सहसचिव

**वोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।